सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३५५ ♦ २०८३ साल भदौ ३१ बुधवार ♦ 16 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा युवकको निर्मम हत्या, शव लुकाएको आरोपमा चार जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ ३० गते, वर्दिवास**

महोत्तरीमा प्रेम सम्बन्धको विषयलाई लिएर एक युवकको हत्या गरी शव टुक्राटुक्रा पारेर सेफ्टी ट्याङ्कीमा लुकाएको घटनामा संलग्न भएको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

भंगहा नगरपालिका-६ का २२ वर्षीय विवेक कुमार सरदार गत भदौ १५ गतेदेखि सम्पर्कविहीन भएका थिए ।

जलेश्वर नगरपालिका-११ पिगौनस्थित दिदीको घरबाट बा ३१ प ६१३८ नम्बरको मोटर साइकल लिएर घरतर्फ हिंडेका सरदार घर नपुगेपछि उनका परिवारले भदौ १६ गते जिल्ला



प्रहरी कार्यालय महोत्तरीमा खोजतलासका लागि निवेदन दिएका थिए ।

प्रहरीले हुलिया परिपत्र गर्नुका साथै सीसीटीभी फुटेज, प्राविधिक विश्लेषणलगायतका माध्यमबाट अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा सरदार भदौ १५ गते बलवा नगर पालिका-७ बनौटा गाउँबाट हराएको खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बलवा नगर पालिका-७ का जितेन्द्र कुमार ठाकुरकी २२ वर्षीया श्रीमती सोनु कुमारी ठाकुरसँग सरदार को प्रेम सम्बन्ध रहेको र यही विषयलाई लिएर पक्राउ परेकाहरूले योजना बनाई उनलाई भुक्याएर घरमा बोलाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

घरमा बोलाएपछि सरदारको हत्या गरी शव लुकाउने उद्देश्यले फलामको दाउलगायतका हतियार प्रयोग गरी शरीरलाई नौ टुक्रा पारि एको प्रहरीको भनाइ छ ।

त्यसपछि शवका टुक्राहरू घर पछाडिको शौचालयको सेफ्टी ट्याङ्कीमा लुकाएको अवस्थामा प्रहरीले फेला पारेको जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले भदौ २६ गते बलवा नगरपालिका-७ बनौटा टोलका ५८ वर्षीय अशोक कुमार ठाकुर , उनकी ५० वर्षीया श्रीमती र मकली देवी ठाकुर, २२ वर्षीया सोनु कुमारी ठाकुर र महोत्तरी गाउँपालिका-५ का २८ वर्षीय सियाराम शर्मालाई पक्राउ गरेको हो ।

पक्राउ परेका चारै जनामाथि महोत्तरी जिल्ला अदालतबाट पक्राउ मितिदेखि लागू हुने गरी सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## बर्दिबासमा एक लाख घुससहित नापी सर्भेक्षक रंगेहात पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ ३० गते, वर्दिवास**

महोत्तरीको बर्दिबासस्थित नापी कार्यालयमा कार्यरत नापी सर्भेक्षक शिवकुमार साह एक लाख रुपैयाँ घुससहित पक्राउ परेका छन्।

साहलाई मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय, बर्दिबासबाट खटिएको टोलीले घुस र कमसहित रंगेहात पक्राउ गरेको हो।

जग्गा ट्रायलका लागि निवेदन दिएका सेवाग्राहीसँग लामो समयदेखि घुस रकमका लागि बार्गेनिङ भइरहेको सूचनाका आधारमा अख्तियारको टोलीले निगरानी बढाएको थियो।

मंगलबार अपराह्न करिब ४ बजे नापी कार्यालयअगाडिको एक खाजा घरमा सेवाग्राहीबाट एक लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा साहलाई पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय, बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलले जानकारी दिए।

उनका अनुसार साहलाई नियन्त्रणमा लिएर स्थलगत मुचुल्कालगायत आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

## ढल्केवरमा २७ वर्षीया महिला मृत फेला, श्रीमान् अनुसन्धानका लागि नियन्त्रणमा




**खबर दर्पण समाचारदाता**

**भदौ ३० गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-७ ढल्केवरमा एक २७ वर्षीया महिला घरकै प्यासेजमा मृत अवस्थामा फेला परेकी छन् ।

घटनाको प्रकृति शंकास्पद देखिएपछि प्रहरीले उनका श्रीमानलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ ।

प्रहरीका अनुसार मंगलबार राति करिब १०:५० बजे स्थानीय ३४ वर्षीय श्रवण महतोकी श्रीमती २७ वर्षीया पुनिता देवी महतो घरको प्यासेजमा मृत अवस्थामा फेला परेको सूचना प्राप्त भएको थियो ।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय ढल्केवरबाट प्रहरी निरीक्षक उदय शम्शेर जबराको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो । प्रारम्भिक अनुसन्धानका क्रममा मृतकको घाँटीमा कसिएको जस्तो डाम देखिएपछि प्रहरीले घटनालाई शंकास्पद मानेको हो ।

घटनाको अनुसन्धानका लागि मृतकका श्रीमान् श्रवण महतोलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले जानकारी दिए ।

महतोलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा राखी घटनाको प्रकृति तथा मृत्युको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

घटनाबारे थप तथ्य अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ ।

## ११ दिनदेखि बेपत्ता १५ महिनाका बालकको उद्धार, अपहरणको आरोपमा महिला पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ ३० गते, बर्दिवास**

धनुषाको विदेह नगरपालिका-६ तीनकोरियाबाट हराएका १५ महिनाका बालक सिधान्त महतो ११ दिनपछि सकुशल उद्धार भएका छन् ।

बालकलाई अपहरण गरी नेपाल तथा भारतका विभिन्न स्थानमा लुकाएर राखेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कमला नगरपालिका-९ हथलेट्वाकी करिब ४१ वर्षीया पुनिता देवी पासवान रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भदौ १८ गते अपराह्न करिब ४:४० बजे कमलेश महतोका १५ महिनाका छोरा सिधान्त आफ्नै घरको आँगनमा खेलिरहेका बेला बेपत्ता भएका थिए । बालक हराएको सूचना पाएलगत्तै प्रहरी चौकी गिद्धाबाट टोली घटनास्थल पुगेको थियो ।

बालकको खोजीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी उपरीक्षक रुपेश खड्काको कमाण्डमा ६० जना प्रहरी परिचालन गरेको थियो । तालिमप्राप्त कुकुरको समेत सहयोगमा घटनास्थल तथा आसपासका क्षेत्रमा खोजी गरिएको प्रहरीले जनाएको छ ।

त्यसैगरी धनुषा प्रहरीका डीएसपी ओमप्रकाश खनाल तथा मधेश प्रदेश प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक बविन्द्र नेम्वाङको कमाण्डमा खटिएको प्रादेशिक सूचना विश्लेषण तथा अनुसन्धान समूहको संयुक्त टोलीले घटनाको अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा बालकलाई पुनिता देवी पासवानले अपहरण गरेको खुलेको प्रहरीको दाबी छ ।

बाँकी पृष्ठ ३ मा




## प्रारम्भिक

रसुवाको बाढी भन्दा धेरै घातक हुन सक्छ चुरे अतक्रमण–तर र सुवा बाढी र चुरे अतिक्रमण एउटै प्रकारको घटना होइन। र सुवामा अचानक आएको ठूलो बाढीले केही घण्टामै विनाश गर्न सक्छ; चुरे क्षेत्रमा वन विनाश, ढुंगा-गिट्टी-बालुवा उत्खनन, सडक/बस्ती विस्तार र नदी-खोलाको प्राकृतिक प्रणालीमा हस्तक्षेपले मधेशको बाढी, कटान, भूक्षय र पानीको संकटलाई वर्षौंसम्म बढाउन सक्छ। सरल भाषामा चुरेलाई मधेशको "प्राकृतिक सुरक्षा कवच र पानीको स्पन्ज" भनि बुझ्ने हो भने स्वस्थ चुरे रु पानी सोस्छ रु बिस्तारै तल पठाउँछ रु भूमिगत पानी पुनर्भरण हुन्छ

खोलानाला सन्तुलित हुन्छ। तर, चुरे काटियो/अतिक्रमण भयो __ पानी छिटो बग्छ __ माटो र ढुंगा तल आउँछ __ खोला उग्र हुन्छ __ मधेशमा बाढी र कटान बढ्छ __ पछि सुख्खा पर्दा पानीको अभाव हुन्छ। त्यसैले मधेशका लागि समस्या केवल बाढी होइन; यो बाढी + नदी कटान + भूमिगत पानी + कृषि + खानेपानी + जीविकोपार्जनको संयुक्त संकट हो ।

## चुरे अतिक्रमण मधेशको लागि ठूलो खतराको बिषय हो

१. चुरेमा वन तथा माटोको संरक्षण कमजोर हुँदा वर्षाको पानी छिटो सतहमा आउन सक्छ। फलतः अचानक बाढी र डुवान बढ्न सक्दछ ।

२. भूक्षयले खोलामा कभमषभलत बढाउँछ। नदीको बहाव क्षमता घटेमा तलतिर बाढीको जोखिम बढ्न सक्छ ।

३. मधेशका खेतीयोग्य जमिन र बस्ती नदी कटानको जोखिममा पर्न सक्छन्। नदी कटान तिव्र हुन सक्दछ ।

४. चुरे र त्यससँग जोडिएको जलाधारको प्राकृतिक प्रणाली कमजोर हुँदा वर्षाको पानी जमिनभित्र पस्ने प्रक्रिया प्रभावित हुन सक्छ। भूमिगत पानीको पुनर्भरण घट्न सक्दछ ।

५. अहिले बाढी, केही महिनापछि पानीको अभाव–यो मधेशका लागि सबैभन्दा खतरनाक "flood–drought cycle" बन्न सक्छ। सिँचाइ र खानेपानीके सँकट चुलिन सक्दछ ।

६. उर्वर माटो बग्नु, बालुवा/गाद थुप्रिनु र सिँचाइको पानी घट्नुले कृषि उत्पादनमा असर पार्न सक्छ।

७. जोखिमयुक्त बस्तीमा बस्ने परिवारसँग सुरक्षित ठाउँमा सर्ने वा घर पुनर्निर्माण गर्ने क्षमता कम हुन्छ। त्यसैले चुरे संरक्षण वातावरणीय मात्र होइन, सामाजिक न्यायको विषय पनि हो ।

## रसुवा बाढीबाट जोडिने मुख्य नीतिगत पाठ

रसुवाको घटनाले एउटा कुरा सिकाउँछः विपद् जहाँ देखिन्छ, जोखिमको कारण त्यही ठाउँमा मात्र खोज्नु हुँदैन। त्यसैगरी मधेशमा बाढी आयो भन्दै तटबन्ध मात्र थप्दै जाने पर्याप्त हुँदैन। नदीको माथिल्लो जलाधार विशेषगरी चुरेमा के भइरहेको छ भनेर हेर्नुपर्छ। त्यसैले "चुरे संरक्षणलाई वन तथा वातावरण मन्त्रालयको मात्र कार्यक्रम होइन, मधेशको बाढी सुरक्षा, खानेपानी, कृषि र राष्ट्रिय सुरक्षा नीतिको हिस्सा भनेर बुझ्नु पर्दछ ।" र अझ महत्वपूर्ण चुरे रु खोलानाला रु नदी रु मधेशको खेत/बस्तीलाई एउटै प्रणाली मानेर योजना बनाउनुपर्छ।

## सबैभन्दा ठूलो विरोधाभास

यदि हामीले माथि चुरे दोहन गर्न दियौं, बीचमा नदीको प्राकृतिक क्षेत्र अतिक्रमण गर्‍यौं, अनि तल तटबन्ध बनाएर मात्र मधेशलाई सुरक्षित पार्छौं भन्यौं भने त्यो दीर्घकालीन समाधान होइन । नदीलाई रोक्नेभन्दा पहिले नदीको जलाधार बचाउनुपर्छ। यही अर्थमा, चुरे अतिक्रमण मधेशका लागि "बिस्तारै बढिरहेको बाढी जोखिम" हो । रसुवा बाढीजस्तो एकैदिन देखिने विपत्ति नभए पनि दीर्घकालमा अझ व्यापक सामाजिक-आर्थिक संकट निम्त्याउन सक्ने जोखिम हो ।

## मधेश प्रदेशको "चुरे-नदी-बाढी resilience package" का रूपमा अवलम्वन गर्नु पर्ने ठोस नीति

| सि.न. | नीति प्रस्ताव | कार्यक्रम/मुख्य क्रियाकलाप | बजेट शीर्षक | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १ | चुरे अतिक्रमणमा शून्य सहनशीलता | GIS/उपग्रहबाट अतिक्रमण नक्साङ्कन, नयाँ अतिक्रमण रोक्ने, हटाउने र पुनर्स्थापना | चुरे संरक्षण तथा अतिक्रमण नियन्त्रण | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, स्थानीय तह |
| २ | अवैध ढुंगा–गिट्टी–बालुवा उत्खनन नियन्त्रण | संवेदनशील खोलामा उत्खनन निषेध, GPS/डिजिटल permit, रात्री अनुगमन, मेसिन नियन्त्रण | नदीजन्य पदार्थ नियमन तथा अनुगमन | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय; जिल्ला प्रशासन; स्थानीय तह |
| ३ | चुरे–मधेश जलाधार पुनर्स्थापना | वृक्षारोपण, घाँसे/झाडी क्षेत्र, check dam, contour trench, recharge pond | जलाधार तथा भू–संरक्षण | वन तथा वातावरण मन्त्रालय; जलस्रोत/सिँचाइ निकाय |
| ४ | River Corridor Protection Zone | नदीको दुवैतर्फ जोखिमअनुसार setback निर्धारण, नयाँ संरचना रोक्ने | नदी करिडोर संरक्षण तथा भू–उपयोग योजना | भौतिक पूर्वाधार मन्त्रालय, भूमि व्यवस्था/स्थानीय तह |
| ५ | Floodplain Zoning कानून | 10-, 25 -, 50 -, 100 -year flood-risk map; जोखिमअनुसार निर्माण मापदण्ड | बाढी जोखिम नक्साङ्कन | गृह/आन्तरिक मामिला मन्त्रालय; प्रदेश योजना आयोग; स्थानीय तह |
| ६ | Early Warning to Last Mile | नदी gauge, rainfall sensor, siren, SMS/cell broadcast, स्थानीय स्वयंसेवक | बहुप्रकोपीय पूर्वसूचना प्रणाली | गृह/आन्तरिक मामिला मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग |
| ७ | Community Flood Response Teams | प्रत्येक जोखिमयुक्त वडामा तालिम, rescue boat, life jacket, first aid, drill | स्थानीय विपद् तयारी तथा उद्धार | गृह/आन्तरिक मामिला मन्त्रालय, स्थानीय तह, सुरक्षा निकाय |
| ८ | "Safe School, Safe Hospital" | विद्यालय/अस्पताल flood audit, evacuation route, elevated infrastructure, emergency stock | विपद्–प्रतिरोधी सार्वजनिक संरचना | शिक्षा मन्त्रालय; स्वास्थ्य मन्त्रालय; स्थानीय तह |
| ९ | Flood-resilient road & bridge | पुलको hydraulic capacity review, culvert upgrade, elevated road sections | जलवायु–प्रतिरोधी पूर्वाधार | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १० | Groundwater Recharge Mission | recharge pond, infiltration basin, wetland protection, rainwater harvesting | जल पुनर्भरण तथा पानी सुरक्षा | खानेपानी/ऊर्जा/सिँचाइ सम्बन्धी प्रदेश निकाय, स्थानीय तह |
| ११ | Chure-to-Madhesh River Observatory | satellite + drone + gauge + GIS बाट चुरे, खोला र नदीको real-time monitoring | River & Chure Data Observatory | प्रदेश योजना आयोग, वन मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग |
| १२ | Basin-level Planning | कमला, बागमती, लालबकैया, रातु आदि नदीका integrated basin plans | Integrated River Basin Management | प्रदेश सरकार + संघीय जलस्रोत निकाय + स्थानीय तह |
| १३ | Climate-resilient agriculture | flood-tolerant crops, raised beds, drainage, crop insurance, seed reserve | जलवायु अनुकूल कृषि तथा बाढी बीमा | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| १४ | Relocation & Safe Settlement Policy | अत्यधिक जोखिमका बस्ती पहिचान, voluntary relocation, सुरक्षित आवास/जग्गा | जोखिमयुक्त बस्ती पुनर्स्थापना | गृह/आन्तरिक मामिला; भौतिक पूर्वाधार; स्थानीय तह |
| १५ | Chure–River Governance & Accountability Act | एकीकृत कानून, annual risk audit, public dashboard, सामाजिक लेखापरीक्षण | चुरे–नदी सुशासन तथा जोखिम व्यवस्थापन | प्रदेश मन्त्रिपरिषद्/सम्बन्धित मन्त्रालय; प्रदेश सभा |

## बजेटको प्राथमिकता

यी सबै कार्यक्रम पूर्ण रूपमा एकैपटक सुरु गर्नुभन्दा तीन तहमा प्राथमिकता दिनु राम्रो हुन्छ।

पहिलो प्राथमिकता: ०-२ वर्ष

Early Warning + Illegal Extraction Control +

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. ५२५८००
जनपा वारुण यन्त्र ५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन) ५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति) –५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज) –५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस् २५९८०
कृष्णा नर्सिग होम ५२१९१८
जनकपुर मेडिकल सेन्टर ५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर ५२३३२८
जनकपुर रेल्वे ५२०२११
आँखा अस्पताल ५२०३९७
जनकपुर सुरक्षा गुल्म ५२०१८६/५२६५८६
प्रहरी ५२००९९
एम्बुलेन्स रेडक्रस १०२
जनकपुर अञ्चल अस्पताल ५२००३३
बच्छार प्रसुति सेवा केन्द्र ५२२४५७
विद्युत फ्युज शाखा ५२०१५१
बुद्ध एयर ५२५०२२
गोर्खा एयर ५२१२९४
सीता एयर ५२५९९०
जानकी केबल टिभी नेटवर्क ५२३७२८

### वर्दिवास

बर्दिवास अस्पताल ५५००९०
ट्राफीक प्रहरी ५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण ५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ) ५५०००५
ढल्केवर (नो लाईट) ०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल) ५५००२३
बर्दिवास नगरपालिका ५५००३१
खानेपानि कार्यालय ५५०११०
प्रहरी ५२०१९९
प्रहरी ५२००९९
बर्दिवास दुरसञ्चार ५५००००
पारिजात स्मृति अस्पताल ५५०३७२
नेपाल परिवार नियोजन संघ ५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास ५५०००६
खानेपानी बर्दिवास ५५०१४३
रेडक्रस एम्बुलेन्स ५२०१००
मेरी स्टोप्स सेन्टर ५५०१२६
शुभ स्वस्तिक हस्पिटल ५५०२५५
जनसेवा हस्पिटल ५५०४०६
बर्दिवास आँखा अस्पताल ५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास ५५०६६८
IRDS समाज सहकारी अस्पताल ५५०४०१

### ढल्केवर

खानेपानी ९८२४८०५९५०
इलाका प्रहरी कार्यालय ०४१-५६०१००
प्रहरी ५२००९९
विद्युत फ्युज शाखा ०४१-५६०१६८
एम्बुलेन्स ९८०४८६७५५४
एम्बुलेन्स ९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक ०४१-५६०१५२

### जलेश्वर

अस्पताल ५२००७०
प्रहरी ५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड ५२०२०९
एम्वुलेन्स ५२०१००
विद्युत् ५२००६६
विद्युत् ५२०११६

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वडा कार्यालयमै फोहोर थुपारेर युवाहरूको विरोध

खबर दर्पण समाचारदाता

**भखौ ३० गते, जनकपुरधाम**
धनुषाको औरही गाउँपालिका-१ भिटकहियामा लामो समयदेखि फोहोर व्यवस्थापन हुन नसकेको भन्दै स्थानीय युवाहरूले वडा कार्यालय परिसरमै फोहोर थुपारेर विरोध जनाएका छन् ।

भिटकहिया युवा संगठनको अगुवाइमा युवाहरूले गाउँका विभिन्न स्थानमा थुप्रिएको फोहोर ट्र्याक्टरमा संकलन गरी वडा कार्यालय परिसरमा ल्याएर थुपारेका हुन् ।

गाउँको फोहोर व्यवस्थापनको समस्या समाधानका लागि वडा अध्यक्षसँग छलफल गर्न खोजिए पनि कार्यालयमा अध्यक्ष उपस्थित नभएपछि आफूहरूले संकलन गरेको फोहोर वडा कार्यालयमै थुपारेर सांकेतिक विरोध गर्नुपरेको युवाहरूले बताएका छन् ।

स्थानीयका अनुसार भिटकहियामा लामो समयदेखि फोहोर व्यवस्थापनको समस्या रहँदै आएको छ । ठाउँठाउँमा फोहोर थुप्रिँदा गाउँको सौन्दर्य तथा वातावरणमा असर पर्नुका साथै दुर्गन्ध र विभिन्न रोगको जोखिमसमेत बढेको उनीहरूको गुनासो छ ।

युवाहरूले फोहोर उठाउने र व्यवस्थापन गर्ने नियमित व्यवस्था तत्काल मिलाउन वडा कार्यालय तथा गाउँपालिकासँग माग गरेका छन् ।

उनीहरूले समस्या तत्काल समाधानसँगै दीर्घकालीन फोहोर



व्यवस्थापन योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् ।

स्थानीय तहले सरसफाइ तथा फोहोर व्यवस्थापनलाई प्राथमिकतामा नराखे आगामी दिनमा थप दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने युवाहरूले चेतावनी दिएका छन् ।

## ११ दिनदेखि बेपत्ता........

महिलाले बालकलाई पटकपटक स्थान परिवर्तन गर्दै नेपाल तथा भारतका विभिन्न ठाउँमा लुकाएर राखेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीले जिल्लाका विभिन्न नाकामा २४ घण्टा निगरानी बढाउनुका साथै प्राविधिक अनुसन्धानलाई समेत तीव्रता दिएको थियो । सोही क्रममा भदौ २९ गते दिउँसो करिब ३:३५ बजे शंकित महिलाले बालकलाई घरबाट करिब ३०० मिटर दक्षिण सडकछेउमा छाडेर भागेको प्रहरीले जनाएको छ ।

बालकलाई तत्काल उद्धार गरी स्वास्थ्य परीक्षण गराइएको थियो । स्वास्थ्य परीक्षणपछि उनलाई अभिभावकको जिम्मा लगाइएको र बालकको स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

बालकलाई छाडेर भागेकी पासवानलाई सोही दिन करिब ३:४५ बजे भारततर्फ भाग्दै गरेको अवस्थामा विदेह नगरपालिका-१ महिनाथपुरस्थित नेपाल-भारत दशगजा क्षेत्रबाट प्रहरीले नियन्त्रणमा लिएको हो ।

पक्राउ परेकी पासवानमाथि अपहरण, शरीर बन्धक तथा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## दीर्घकालिन रुपमा रसुवाको बाढी भन्दा बढी घातक ....

Flood Mapping + River Corridor + Emergency Response

दोस्रो प्राथमिकता: २-५ वर्ष

Watershed Restoration + Recharge + Resilient Infrastructure + Safe Schools÷Hospitals + Basin Planning

तेस्रो प्राथमिकता: ५-१० वर्ष

Risk–based relocation + पूर्ण Chure restoration + climate–resilient agriculture + basin governance

यसलाई प्रदेशको मध्यमकालीन तथा दीर्घकालीन विकास योजनासँग जोड्नुपर्छ।

### संस्थागत सुधार

अहिले समस्या एउटा मन्त्रालयको मात्र होइन। वनले चुरे हेर्ने, सिँचाइले नदी हेर्ने, भौतिक पूर्वाधारले पुल हेर्ने, गृहले विपद् हेर्ने र स्थानीय तहले बस्ती हेर्ने छुट्टाछुट्टै मोडलले काम गर्दैन । त्यसैले मुख्यमन्त्रीको अध्यक्षतामा ":Madhesh Chure–River Resilience Council" बनाएर वन, गृह, भौतिक पूर्वाधार, खानेपानी, कृषि, भूमि व्यवस्था, अर्थ, स्थानीय तह, सुरक्षा निकाय र संघीय सरकारका सम्बन्धित निकायलाई एउटै framework मा ल्याउनु उपयुक्त हुन्छ।

वार्षिक KPI स्पष्ट हुनुपर्छ: १. चुरे अतिक्रमण घट्यो कि घटेन?
२. अवैध उत्खनन घट्यो कि घटेन?
३. बाढीको पूर्वसूचना कति मिनेट अगाडि पुग्यो?
४. जोखिम क्षेत्रमा बस्ने जनसंख्या कति घट्यो?
५. बाढीपछि मानव तथा आर्थिक क्षति कति घट्यो?

### सारँशमा मूल नीति दर्शन

"चुरे बचाऊ रु नदीको प्राकृतिक बहाव बचाऊ __पानी जमिनमा राख __ बाढीको गति घटाऊ __ मधेशको खेत र बस्ती बचाऊ।"

यसलाई मधेश प्रदेशको Chure to Terai Resilience Strategy आधार बनाएर १० वर्षे लगानी योजना बनाउन सकिन्छ।

*-लेखक महतो मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका बरिष्ठ जलाधार व्यवस्थापन अधिकृत हुन् ।*



# बटेश्वरमा सार्वजनिक सेवा सुधारका लागि ५ बुँदे माग

खबर दर्पण समाचारदाता

**भदौ ३० गते, धनुषा**

बटेश्वर गाउँपालिकामा सार्वजनिक सेवा तथा सुशासन सुधारका लागि सरोज कुमार महतो नेतृत्वमा युवाहरूले ५ बुँदे मागसहितको पत्र गाउँपालिकामा बुझाएका छन्। पत्र बुझाउँदा गाउँपालिका अध्यक्ष रामअशिष महतो र उपाध्यक्ष फुलकुमारी सिंहको उपस्थितिमा राजिव कुशवाहा र कमलेश सिंह लगायतका युवाहरूको समेत सहभागिता रहेको थियो। अध्यक्ष र उपाध्यक्षले मागहरूलाई प्राथमिकताका साथ छिट्टै



कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

मागमा २४ घण्टा एम्बुलेन्स सेवा, रेडबुक सार्वजनिक, सरकारी सवारीसाधनको अनुगमन, ऋत्ऋत्ख मर्मत तथा विस्तार र नागरिक बडापत्र अनिवार्य राख्नुपर्ने विषय समेटिएका छन्।

# इन्सेक अध्यक्ष गौतम मानव अधिकार कार्ययोजनाको संघीय समन्वय समिति सदस्यमा मनोनित

खबर दर्पण समाचारदाता

**भदौ ३० गते, बर्दिवास**

नेपाल सरकारले मानव अधिकार सम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सुनिश्चितताका लागि गठन हुने संघीय समन्वय समितिको प्रतिनिधि सदस्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष विजयराज गौतमलाई मनोनयन गरेको छ।

मन्त्रिपरिषद्को २०८३ भदौ २६ गतेको बैठकले गौतमलाई समितिको प्रतिनिधि सदस्य तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २०८३ भदौ २९ गतेको पत्रमा उल्लेख छ। पत्रमा मानव अधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०८०/०८१-२०८५/०८६) मा उल्लिखित क्रियाकलापको कार्यान्वयन सुनिश्चितताका लागि कार्ययोजनाको दफा ४.२.१ बमोजिम गौतमलाई सङ्घीय समन्वय समितिको प्रतिनिधि सदस्य तोकिएको उल्लेख छ। मानव अधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना मानव अधिकारको संरक्षण, प्रवर्धन तथा कार्यान्वयनका लागि नेपाल सरकारले तयार गरेको राष्ट्रिय दस्तावेज हो। कार्ययोजनामा मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको



कार्यान्वयन, राज्यका विभिन्न तह र निकायबीच समन्वय तथा मानव अधिकारको अवस्था अनुगमनलगायतका विषय समेटिएका छन्। सङ्घीय समन्वय समितिले कार्ययोजनामा उल्लेखित क्रियाकलापको कार्यान्वयनमा समन्वय तथा अनुगमन गर्नेछ। समितिमा नागरिक समाजको प्रतिनिधिका रूपमा इन्सेक अध्यक्ष गौतमको सहभागिता रहने भएको हो।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

धनुषाधाम नगरपालिका, धनुषा

**सचेत उपभोक्ता बनौं**

सामान खरिद गर्दा देहायका विषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

रामगोपालपुर नगरपालिका, महोत्तरी

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

गौशाला नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- Endoscopy/Diode Laser सेवा
- बिभिन्न रोगहरुको बिशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- ICU, NICU, PICU सेवा
- Laproscopy सेवा
- 24/7 Ambulance सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको स्पेनेट व्यवस्था भएको




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,